राइटर्स क्याम्प (Writer's Camp) सञ्चालन सम्बन्धी कार्यविधि, २०८३

प्रस्तावना : नेपाली भाषा, साहित्य, सिर्जनात्मक लेखन तथा सांस्कृतिक आदानप्रदानको प्रवर्द्धन गर्ने उद्देश्यले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आ.व. २०८३/०८४ मा कार्यान्वयन हुने गरी स्वीकृत भएको वार्षिक कार्यक्रम अन्तर्गत खर्च शीर्षक २२५२२ को क्र.सं. २.७.२५.८२५ मा विनियोजित राइटर्स क्याम्प (Writer's Camp) सञ्चालन कार्यक्रमलाई नेपाल प्रज्ञा-प्रतिष्ठानमार्फत प्रभावकारी, पारदर्शी र नतिजामुखी रूपमा सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "राइटर्स क्याम्प (Writer's Camp) कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ।

(ख) "प्रतिष्ठान" भन्नाले नेपाल प्रज्ञा-प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको राइटर्स क्याम्प (Writer's Camp) कार्यक्रम सम्झनु पर्छ।

३. कार्यक्रमको उद्देश्य : कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाली साहित्य तथा सिर्जनात्मक लेखनको विकास र प्रवर्द्धन गर्ने,

(ख) स्थापित तथा नवोदित लेखक, साहित्यकार र सर्जकलाई सिर्जनात्मक लेखनको अवसर प्रदान गर्ने,

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक अनुभव र ज्ञानको आदानप्रदान गर्ने,

(घ) साहित्यिक सिर्जना, प्रकाशन तथा अभिलेखीकरणलाई प्रोत्साहन गर्ने।

४. बजेटको स्रोत : कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने बजेटको स्रोत मन्त्रालयको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत बजेटको खर्च शीर्षक २२५२२ को क्र.सं. २.७.२५.८२५ मा रहेको "राइटर्स क्याम्प (Writer's Camp) सञ्चालन गर्ने" शीर्षक अन्तर्गत विनियोजित रकम हुनेछ।

५. कार्यक्रम कार्यान्वयन गर्ने निकाय तथा बजेट हस्तान्तरण व्यवस्था :- (१) मन्त्रालयको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत रहेको "राइटर्स क्याम्प (Writer's Camp) सञ्चालन गर्ने" कार्यक्रम नेपाल प्रज्ञा—प्रतिष्ठानमार्फत सञ्चालन तथा कार्यान्वयनको लागि हस्तान्तरण गरिनेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको रकम मन्त्रालयगत बजेट सूचना प्रणाली-एल.एम.बि.आइ.एस. मार्फत कार्यान्वयनको पूर्ण जिम्मेवारीसहित प्रतिष्ठानलाई हस्तान्तरण गर्नेछ।

मुकुन्द प्रसाद निरौला
सचिव

(३) प्रतिष्ठानले हस्तान्तरण भई आएको रकम स्वीकृत कार्यक्रम तथा लागत अनुमानबमोजिम मात्र खर्च गर्नुपर्नेछ।

६. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : कार्यक्रम सञ्चालनको प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) प्रतिष्ठानले कार्यक्रमको विस्तृत कार्यान्वयन कार्ययोजना, कार्यतालिका र लागत अनुमान तयार गरी मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

(ख) लेखक तथा सहभागी छनोट खुला आवेदन आव्हान गरी सूचनामा तोकिएका सूचकको आधारमा वा प्रतिष्ठानबाट निर्णय भएको अन्य कुनै विधिबाट पारदर्शी रुपमा गरिनेछ।

(ग) कार्यक्रमअन्तर्गत सिर्जनात्मक लेखन कार्यशाला, साहित्यिक अन्तरक्रिया, कार्यपत्र प्रस्तुति, छलफल तथा अनुभव आदानप्रदान सञ्चालन गर्न सकिनेछ।

(घ) कार्यक्रमको सञ्चालन प्रतिष्ठानले तोकेको जिम्मेवार पदाधिकारी तथा कार्यक्रम संयोजन समितिमार्फत गरिनेछ।

७. <u>प्रचलित कानूनको अधीनमा रही कार्यान्वयन गर्नुपर्ने</u> : कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, विनियोजन ऐन, २०८३ तथा चालु आर्थिक वर्षको स्वीकृत बजेट, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन, २०६४, प्रचलित करसम्बन्धी कानून तथा प्रचलित स्वीकृत नीति, कार्यक्रम र निर्देशनको अधीनमा रही गर्नुपर्नेछ।

८. <u>बजेटको उपयोग तथा खर्चका शर्तहरू</u> : (१) मन्त्रालयबाट प्राप्त हुने रकमलाई स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित सरकारी खर्च मापदण्ड तथा स्वीकृत लागत अनुमानबमोजिम देहायका शीर्षकमा खर्च गर्न सकिनेछ :-

(क) कार्यक्रम व्यवस्थापन तथा सञ्चालन,

(ख) सहभागीको आवास, खाना तथा यातायात,

(ग) लेखक, विज्ञ तथा स्रोत व्यक्तिको पारिश्रमिक,

(घ) साहित्यिक कार्यशाला तथा अन्तरक्रिया,

(ङ) प्रकाशन, प्रचारप्रसार तथा अभिलेखीकरण,

(च) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन (छ) अन्य स्वीकृत कार्यक्रमसँग प्रत्यक्ष सम्बन्धित खर्च।

(२) प्रतिष्ठानले हस्तान्तरण भई आएको बजेट उपयोग गर्दा देहायका शर्तको पालना गर्नुपर्नेछ :-

(क) जुन कार्यक्रम र उद्देश्यका लागि बजेट उपलब्ध गराइएको हो, सोही कार्यक्रम र उद्देश्यमा मात्र प्रयोग गर्नुपर्नेछ र अन्य शीर्षकमा रकमान्तर वा स्रोतान्तर गर्न पाइने छैन,

(ख) हस्तान्तरित बजेटबाट प्रतिष्ठानको नियमित प्रशासनिक खर्च (जस्तैः कर्मचारीको तलब, भत्ता, सवारी साधन खरिद वा कार्यालय सञ्चालन) मा खर्च गर्न पाइने छैन,

(ग) उल्लिखित खर्च प्रचलित सरकारी खर्च मापदण्ड तथा स्वीकृत लागत अनुमानबमोजिम मात्र हुनुपर्नेछ,

(घ) यस कार्यविधिबमोजिमको बजेटबाट चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने कार्यक्रम मात्र सञ्चालन गर्नुपर्नेछ।

९. लेखा तथा लेखापरीक्षण : (१) प्रतिष्ठानले कार्यक्रमको लागि उपलब्ध गराइएको बजेट खर्च गर्दा खर्चको बिल, भरपाई तथा प्रमाणित कागजात सुरक्षित राखी खर्च सम्बन्धी छुट्टै आर्थिक अभिलेख राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले कार्यक्रमको सम्पूर्ण आर्थिक कारोबारको प्रचलित कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ।

१०. पारदर्शिता तथा जवाफदेहिता : (१) कार्यक्रम सञ्चालन गर्दा मितव्ययिता, पारदर्शिता, निष्पक्षता र जवाफदेहिता कायम गर्नुपर्नेछ।

(२) कार्यक्रम सम्पन्न भएपश्चात् प्रतिष्ठानले लाभान्वित वर्ग र प्रगतिको विवरण आफ्नो वेवसाइटमार्फत सार्वजनिक गर्नुपर्नेछ।

११. अनुगमन तथा प्रतिवेदन : (१) मन्त्रालयले कार्यक्रमको भौतिक तथा वित्तीय प्रगतिको अनुगमन गर्न सक्नेछ।

(२) प्रतिष्ठानले कार्यक्रम सम्पन्न भएको ३० दिनभित्र मन्त्रालयमा प्रगति विवरण, खर्च विवरण तथा उपलब्धिसहितको अन्तिम प्रतिवेदन पेस गर्नुपर्नेछ।

१२. बाँकी रकम फिर्ता तथा अनियमित खर्च : (१) कार्यक्रम सम्पन्न भएपछि वा आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम प्रतिष्ठानले प्रचलित कानूनबमोजिम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्नेछ।

(२) स्वीकृत प्रयोजनबाहेक अन्य कार्यमा वा कानूनविपरीत खर्च गरेमा त्यस्तो रकमलाई अनियमित खर्च मानी सम्बन्धित जिम्मेवार पदाधिकारीबाट प्रचलित कानूनबमोजिम असुलउपर गरिनेछ।

१३. बाधा अड्काउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

१४. प्रचलित कानूनबमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ र प्रचलित कानूनबमोजिम हुनेछ।

गुरुप्रसाद सिरोला
सचिव